बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

(कार्यक्षेत्रः दोलखा र सिन्धुपाल्चोक)

चरिकोट, दोलखा

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१२**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखाको आर्थिक वर्ष २०८०/०८१ मा संचालन हुने **खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जीविकोपार्जन कार्यक्रम** संचालनको लागि दोलखा र सिन्धुपाल्चोक जिल्लाका ईच्छुक आवेदकहरुले यो सुचना प्रकाशन भएको एक्काईस (२१) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट दोलखा तथा सम्पर्क कार्यालय, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका आवेदनलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| कार्यक्रमको नाम | परिमाण | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक |
|---|---|---|---|
| खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जीविकोपार्जन कार्यक्रम | २० | बढीमा १ लाख वा कुल लागतको बढीमा ८० प्रतिशत | आर्थिक हिसाबले विपन्न एवं अल्पसंख्यक तथा सिमान्तकृत जाति, एकल महिला, दलित एवं पिछडिएका जातजातिहरु एवं उनीहरुबाट गठित कृषक समूह, कृषि सहकारी र पशुपन्छी फार्म |

<u>संग्लग्न गर्नुपर्ने कागजातहरु</u>

१) कार्यविधिको अनुसूची-३ अनुसारको आवेदन र अनुसूची-४ अनुसारको प्रतिबद्धता पत्र,
२) संस्था दर्ता, कर चुक्ता र PAN/VAT दर्ता,
३) व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि,
४) आर्थिक रुपले विपन्न तथा अल्पसंख्यक सिमान्तकृत, दलित, पिछडिएका जातिहरु खुल्ने परिचय पत्रको प्रतिलिपि वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानीय तह/वडाको सिफारिस,
५) निवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको सम्बन्धित स्थानीय तहको आधिकारिक सिफारिस पत्र,
६) अन्य आवश्यक कागजाहरु ।

पुनश्चः खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट, दोलखाको वेवसाइट ***https://vetdolakha.gov.np/*** बाट डाउनलोड गर्न सकिनेछ ।